# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०४ बारा, २०८३ भदौ २९ गते सोमबार / तृतीया / नेपाल संवत् ११४६ / Monday, September 14 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## सहकारी कार्यालयबाट २१ लाखभन्दा बढी चोरी



रौतहट, २८ भदौ/रौतहटको चन्द्रनिगाहपुरस्थित संकल्प बचत तथा ऋण सहकारी संस्था लि. (संकल्प साकोस) को कार्यालयमा चोरी भएको छ ।

चोरले सहकारी संस्थाको भल्ट फोडेर भल्टमा राखिएको नगद रु. २१ लाख ६१ हजार ५३४ चोरी गरेको प्रारम्भिक जानकारी प्राप्त भएको छ । साथै, कार्यालयमा जडान गरिएको सीसी क्यामेराको डीभीआर/रेकर्डिङ डिभाइससमेत चोरी भएको बताइएको छ ।

आइतबार बिहान कर्मचारीहरुले कार्यालय खोल्ने क्रममा चोरीको घटना सार्वजनिक भएको हो ।

चोरीको घटना शुक्रबार राति वा शनिबार राति भएको हुनसक्ने अनुमान गरिए पनि यकिन समय भने खुल्न सकेको छैन ।

घटनाबारे जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेर स्थलगत निरीक्षण तथा मुचुल्का तयार गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ। प्रहरीले घटनामा संलग्न व्यक्तिको पहिचान तथा चोरी भएको रकम र सामग्रीको खोजीका लागि अनुसन्धान गरिरहेको जनाएको छ।घटनाबारे संकल्प साकोसका सचिव चिरञ्जीवी गौतमले जानकारी गराउनुभएको हो ।

## बारामा एक साताभित्र ४ जना बालबालिका हराए, जीतपुरबाट बेपत्ता बालबालिका मोतिहारीमा सुरक्षित फेला

निजगढ, २८ भदौ/बाराको निजगढ नगरपालिका ९ का एक बालक कृष्ण आचार्य बेपत्ता भएको एक साता पनि बित्न नपाउँदै जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका( ५ बकुलियाबाट आइतबार बिहान फेरि एकै परिवारका तीन जना बालबालिका सम्पर्कविहिन भएका छन् ।

पछिल्लो पटक भारत स्थायी घर भई हाल बकुलियामा बस्दै आएका मुकेश पासवानका ५, ७ र १० वर्षका तीन जना छोराछोरी बिहान ५ बजेदेखि सम्पर्कविहीन भएका हुन्। बेखबर हुनेमा पासवानका १० वर्षकी छोरी काजल, सात वर्षकी छोरी सुन्दरी र पाँच वर्षका छोरा धिरज रहेका छन्। उनीहरु बिहानै घरबाट निस्किएको अहिलेसम्म पनि सम्पर्कमा नआएको परिवारले जनाएको छ ।



तीन छोराछोरी अचानक बेपत्ता भएपछि परिवारले खोजीका लागि प्रहरीलाई निवेदन दिएको छ। बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले तीनै जना बालबालिकाको खोजी थालिएको बताउनुभयो । प्रहरीले तालिम प्राप्त कुकुरको सहायतामा उनीहरुको खोजी सुरु गरेको हो ।

त्यसैगरी प्रहरीले बालबालिकाको खोजीका लागि तस्वीर र हुलियासहित विभिन्न प्रहरी कार्यालयमा जानकारी पठाएको छ । जीतपुरस्थित इलाका प्रहरी कार्यालयको प्रहरी टोली बालबालिकाको खोजीमा परिचालन गरिएको छ ।

उता, निजगढबाट ४ दिनअघि गत बुधवार बेपत्ता बनेका बालक आचार्यको अवस्था अझै पत्ता लाग्न सकेको छैन ।

विद्यालय जाने क्रममा गत बुधवार बिहान घरबाट निस्किएका निजगढ ९ शान्ति टोलका कृष्ण त्यसपछि सम्पर्कमा नआएको परिवारका सदस्यहरुले बताएका छन । स्थानीय गुरुकुल विद्यालयमा अध्ययन गर्ने कृष्ण निजगढको सहदि चोकबाट जनकपुरतर्फ जाने बस चढेको र जनकपुर पुगेको सूचना प्राप्त भएको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ ।

इप्रका निजगढका प्रहरी निरीक्षक दाताराम अधिकारीका अनुसार बालक जनकपुरसम्म पुगेको सूचना प्राप्त भएपनि त्यसपछिको अवस्था भने पत्ता लाग्न सकेको छैन । उनको खोजीको लागि निजगढ र जनकपुर क्षेत्रमा समेत प्रहरी परिचालन भएको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिनुभयो ।

अघिल्लो सता जिल्लाको कलैया र जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रबाट बेपत्ता बनेका २ जना बालबालिका प्रहरी र आफन्तले खोजीपछि फेला परेका थिए ।

यसैबीच जीतपुरबाट बेपत्ता भएका भनिएका ३ जना बालबालिका फेला परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराले सामाजिक सञ्जाल फेसबुकको आधिकारिक पेजमार्फत हराएका भनिएका धिरज, काजल र सुन्दरी बुबा मुकेश पासवान भारतस्थित जिल्ला मोतिहारी थाना रामगढवा वडा नं. १३ स्थित मामा घरमा सुरक्षित फेला परेको जनाएको हो ।

प्रहरीले मुकेशको भाइको सालाको घरमा उनीहरु सकुशल फेला परेको बुबा मुकेशले जानकारी गराएकाले खोजतलास गर्न नपर्ने जनाएको छ ।

## अधुरो शिव मन्दिर पुरा गर्न सिंगौलमा महायज्ञ



बसन्त लामा

सिंगौल, २८ भदौ/निजगढ नगरपालिका( २ सिंगौलमा अधुरो रहेको शिव मन्दिर निर्माणका लागि श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ सुरु भएको छ ।

हरितालिका तीजको अवसर पारेर वडा नम्बर २ को आयोजनामा आइतबारदेखि सप्ताह ज्ञान महायज्ञ सुरु गरिएको हो ।

वडा नम्बर २ को सभाहल प्राङ्गणमा आयोजित महायज्ञको शुभारम्भ बिहान ९ बजे कलशयात्रासहित गरिएको थियो । महायज्ञ असोज ४ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

महायज्ञमा भोजराज मिश्रको मुखारविन्दबाट संगीतमय शैलीमा कथा प्रवचन हुने भएको छ । राष्ट्रिय कलाकारको सहभागितामा झाँकीसहितका कार्यक्रमसमेत आयोजना गरिने आयोजकले जनाएको छ ।

महायज्ञबाट संकलन हुने रकम सिंगौल वडा नम्बर २ स्थित सामुदायिक वनको समितिमा रहेको अधुरो शिव मन्दिरको निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिने बताइएको छ ।

उक्त शिव मन्दिरको निर्माण २०७४ सालमा तत्कालीन वडा अध्यक्ष केशवप्रसाद ढोडारीको कार्यकालमा सुरु गरिएको थियो । वर्षौंदेखि अधुरो रहेको मन्दिर निर्माण पूरा गर्ने उद्देश्यले महायज्ञ आयोजना गरिएको आयोजकले जनाएको छ ।

## रौतहटको मौलापुरमा हाकिम र लेखापाल नहुँदा सेवा प्रवाह प्रभावित



रौतहट, २८ भदौ/रौतहटको मौलापुर नगरपालिकामा लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत र लेखापाल नहुँदा प्रशासनिक काम, विकास निर्माण तथा अत्यावश्यक सेवा प्रभावित भएको छ ।

नगरपालिकाको खाता सञ्चालन हुन नसक्दा कर्मचारी तथा शिक्षकले दुई महिनादेखि तलब पाउन नसकेको स्थानीयले बताएका छन् । विद्युत्, विवाहलगायतका भुक्तानी रोकिएको तथा फोहोर व्यवस्थापन र एम्बुलेन्स सेवासमेत प्रभावित भएको जनाइएको छ ।

नगरपालिकाले निर्माण गरेको नाला जाम हुँदा सरसफाइमा समस्या देखिएको, इन्टरनेटको बक्यौता भुक्तानी हुन नसक्दा लाइन काटिएको र वडा कार्यालयबाट प्रदान हुने विभिन्न सेवा

बाँकी तेश्रो पेजमा

## दुई वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एकजनाको मृत्यु

कलैया, २८ भदौ/बाराको कलैया उपमहानगरपालिका( ४ स्थित अदालत रोडमा शनिबार राति दुई वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।




कलैयाबाट गञ्जभवानीपुरतर्फ जाँदै गरेको म.प्र.०३-०४४ प ०१२३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बीआर०५एभी ६१३६ नम्बरको भारतीय मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटनामा परी ६१३६ नम्बरको मोटरसाइकल चालक कलैया उपमहानगरपालिका-४ अदालत रोड बस्ने ३५ वर्षीय साहेब देवानको मृत्यु भएको प्रहरीले जनाएको छ। देवानलाई दुर्घटनालगत्तै उपचारका लागि परवानीपुरस्थित एल.एस. न्यूरो अस्पताल लगिएपनि चिकित्सकले मृत घोषणा गरेको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिनुभयो ।

दुर्घटनामा ०१२३ नम्बरको मोटरसाइकल चालक बाराको करैयामाई गाउँपालिका(७ बस्ने ३५ का डिके चौधरी र मोटरसाइकलको पछाडि सवार १६ वर्षीय अन्जित चौधरी घाइते भएका छन् । दुवै घाइतेको एल.एस.न्यूरो अस्पतालमा उपचार भइरहेको छ ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय.......

# बाढीबाट पुगेको अपुरणीय क्षति

हालैको अविरल वर्षा र त्यसपछिको बाढीपहिरोले देशको पूर्वाधार क्षेत्रमा मात्रै करिब २ खर्ब रुपैयाँ बराबरको ठूलो क्षति पुऱ्याएको प्रारम्भिक तथ्यांक सार्वजनिक भएको छ।


जलविद्युत आयोजना, सडक सञ्जाल, पुल, खानेपानी, शिक्षण संस्था र स्वास्थ्य चौकीहरू भत्किँदा मुलुकको अर्थतन्त्रको मेरुदण्ड नै हल्लिएको छ। यो विपत्तिको सबैभन्दा गम्भीर पक्ष के हो भने, भत्किएका यी भौतिक संरचनाहरूलाई पुरानै अवस्थामा फर्काउन र अझ बलियो बनाउन पुनर्निर्माणमा कम्तीमा ५ खर्ब रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ।

यसले नेपालको कमजोर विकास मोडल र विपद् व्यवस्थापनको फितलो तयारीलाई मात्र नाङ्गो पारेको छैन, देशलाई ठूलो आर्थिक संकटतर्फ धकेल्ने संकेत समेत गरेको छ।

भौतिक पूर्वाधारको यो स्तरको विनाश हुनुमा प्राकृतिक प्रकोप मात्र एक्लो कारक होइन। हाम्रो अवैज्ञानिक इन्जिनियरिङ, वातावरणीय प्रभाव मूल्यांकनविना खनिएका ग्रामीण सडकहरू, र नदी किनारका असुरक्षित बस्तीहरू नै यो महाविपत्तिका प्रमुख कारण हुन्।

हरेक वर्ष मनसुन आउँदा हतारमा उद्धार र राहतका कुरा गर्ने, तर दिगो रोकथामका लागि काम नगर्ने राज्यको 'तदर्थवादी' शैलीको परिणाम आज सिंगो देशले भोग्दैछ। पुलहरू बगाउँदा राजधानीसँगको सम्पर्क विच्छेद हुनु, जलविद्युत केन्द्रहरू ठप्प हुँदा अर्बौंको उर्जा नोक्सान हुनु र विद्यालयहरू बग्दा हजारौं बालबालिका शिक्षाबाट बञ्चित हुनुले हाम्रो राष्ट्रिय सुरक्षा र विकासको जग कति कमजोर छ भन्ने देखाउँछ।

# विपतमा सुरक्षा प्रत्याभूति




प्राकृतिक विपत्ले भौगोलिक संरचना र भौतिक पूर्वाधार मात्र भत्काउँदैन, यसले समाजको सबैभन्दा संवेदनशील वर्गको सहनशीलता र राज्यको लोककल्याणकारी चरित्रको वास्तविक परीक्षणसमेत गर्छ। २०८३ भदौ १० गते लाङटाङ लिरुङ हिमालको दक्षिणी मोहडामा खसेको हिमपहिरो र गेग्यानले सहायक लेन्दे खोलाहुँदै भोटेकोशी तथा त्रिशूली नदीको जलाधार क्षेत्रमा व्यापक विनाश निम्त्याएको छ। यो घटना नेपालको विपत् इतिहासमै एक अत्यन्त त्रासदीपूर्ण अवस्था हो। यस सङ्कटको समयमा नेपाल सरकार, सुरक्षा निकाय र स्थानीय प्रशासनले देखाएको उद्धार तत्परता प्रशंसनीय छ। भोक, प्यास र भौगोलिक विकटताको पर्वाह नगरी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका २० हजारभन्दा बढी सुरक्षाकर्मीले १३ हजारभन्दा बढी नागरिकको ज्यान जोगाएका छन्। यसले विपत्मा राज्यको बलियो उपस्थितिलाई प्रमाणित गरेको छ। भोटेकोशी र माथिल्लो त्रिशूली जलविद्युत् आयोजना आसपासको कठिन क्षेत्रमा चिनियाँ र कोरियन विशेषज्ञ टोलीको समन्वयमा प्रधानमन्त्रीबाटै उद्धार कार्यको प्रत्यक्ष अनुगमन हुनु सकारात्मक पक्ष हो, यद्यपि सङ्कटको यो विशाल आयतनअगाडि उद्धार र राहतको परम्परागत ढाँचा मात्र पर्याप्त हुँदैन। विशेष गरी बाढीपहिरोको चपेटामा परेका हजारौं महिला र बालबालिकाको सामाजिक, शारीरिक र मानसिक स्वास्थ्य रक्षाका लागि विश्व स्वास्थ्य सङ्गठनका मापदण्ड अनुरूप राहत कार्यक्रमलाई प्रभावकारी बनाउनु अहिलेको प्रमुख आवश्यकता हो।

### क्षतिको यथार्थ र लैङ्गिक प्रभाव

विपत्को पछिल्लो सरकारी तथ्याङ्कले क्षतिको भयावह अवस्थालाई स्पष्ट पारेको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पछिल्लो विवरण अनुसार हालसम्म १३ सयभन्दा बढीको शव सङ्कलन गरेको छ। पाँच हजारभन्दा बढी अझै बेपत्ता छन्। ज्यान गुमाउने, बेपत्ता हुने र घाइते हुनेमा महिला र बालबालिकाको सङ्ख्या पनि उल्लेख्य छ। पहिचान खुल्न नसकेका आंशिक मानव अङ्ग मात्रै दुई सयभन्दा बढी फेला परेका छन्। यो विपत्मा स्वदेशी मात्र होइन विदेशी नागरिक पनि परेका छन्। उनीहरू विशेष गरी रसुवा, टिमुरे र स्याफ्रुबेँसीलगायतका सीमावर्ती क्षेत्रबाट हराइरहेका छन्।

यो हिमबाढीको प्रत्यक्ष चोट र विस्थापनको चपेटामा परेका लाखौं नागरिकमध्ये ठूलो सङ्ख्यामा महिला र बालबालिका रहेको छ र संयुक्त राष्ट्रसङ्घीय महिला निकायले रसुवा र नुवाकोट जिल्लाका मात्रै करिब एक लाख ५७ हजार ५० महिला तथा बालिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गम्भीर प्रभावित भएको आकलन गरेको छ। यसले विपत् व्यवस्थापनमा लैङ्गिक दृष्टिकोण अनिवार्य हुनुपर्ने तथ्यलाई स्थापित गर्छ।

### धरातलीय अवस्था

विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्यलाई रोग वा दुर्बलताबाट मुक्त हुनु मात्र नभई पूर्ण शारीरिक, मानसिक र सामाजिक सुस्वास्थ्यको अवस्था भनी परिभाषित गरेको छ। सन् २००२ को विपत्मा लैङ्गिक र स्वास्थ्य मार्गदर्शन तथा सन् २००५ को विपत् मूल्याङ्कनमा लैङ्गिक संवेदनशीलतासम्बन्धी विश्वव्यापी मापदण्डले सङ्कटको समयमा महिला र बालबालिकाको स्वास्थ्य रक्षाका लागि स्पष्ट दिशानिर्देश गरेका छन्। यी मापदण्डले विपत्का समयमा उमेर र लिङ्गका आधारमा वर्गीकृत तथ्याङ्क सङ्कलन, प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता, सुत्केरी तथा गर्भवतीका लागि पोषण र सुरक्षित मातृत्व सेवा उपलब्ध गराउनुपर्ने कुरामा जोड दिएको पाइन्छ। यसका साथै अस्थायी शिविरमा लैङ्गिक हिंसा रोक्न सुरक्षित र उज्यालो वातावरणसहितको छुट्टै शौचालय, विस्थापित बालबालिकाको संरक्षण र मानसिक आघात कम गर्न तत्काल मनोसामाजिक परामर्श अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ।

यी अन्तर्राष्ट्रिय मापदण्डको कसीमा नेपालको विद्यमान स्थलगत यथार्थको मूल्याङ्कन गर्दा नीति र कार्यान्वयनबिच ठूलो खाडल देखिन्छ। सरकारले घटना भएकै दिनदेखि विशेषज्ञ चिकित्सकको टोली रसुवा र नुवाकोटका प्रभावित क्षेत्रमा परिचालन गरेको छ। नुवाकोटमा नौ वटा होल्डिङ सेन्टर स्थापना गरी करिब एक हजार विस्थापित नागरिकलाई विद्यालय र अस्पताल जस्ता सुरक्षित स्थानमा राखिएको छ। रसुवाको धुन्चेमा करिब एक सय जना विस्थापितलाई स्थानीय सरकारको समन्वयमा आश्रय दिइएको छ तर ती अस्थायी शिविर वा होल्डिङ सेन्टरमा बस्ने पीडितको बसोबास, खानेपानी र शौचालयको अवस्था विश्व स्वास्थ्य सङ्गठन र रेडक्रसका न्यूनतम मापदण्ड अनुरूप लैङ्गिक मैत्री हुन सकेको छैनन्। रसुवा र बेत्रावतीका जीवित साक्षीहरू अझै पनि रातभर खुला आकाशमुनि त्रिपालमा चिसो भुइँमा रात बिताउन विवश छन्। शिविरमा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय र सुरक्षित स्नानगृहको अभाव छ। शौचालय असुरक्षित र अँध्यारो स्थानमा हुनु तथा पर्याप्त बिजुलीको व्यवस्था नहुँदा महिला तथा किशोरीमाथि विभिन्न दुर्व्यवहार, शोषण र सुरक्षाको गम्भीर खतरा उत्पन्न भएको छ।

### स्वास्थ्य जोखिममा

आपत्कालीन अवस्थामा पुरुषको तुलनामा महिला र बालबालिकाको स्वास्थ्यमा बहुआयामिक असर पर्नुका पछाडि उनीहरूको विशिष्ट जैविक संवेदनशीलता र सामाजिक परिवेश प्रमुख कारण हुन्। जैविक रूपमा गर्भवती र सुत्केरीको स्वास्थ्य अवस्था सामान्य मानिसको भन्दा भिन्न हुन्छ। त्यहाँ आमा र गर्भको शिशु गरी दुई वटा जीवनको रक्षा जोडिएको हुन्छ। विपत्को मानसिक धक्का, शारीरिक चोट वा भोकका कारण गर्भवतीमा समयअगावै प्रसव पीडा सुरु हुने, गर्भपतन हुने वा सालनाल छुट्टिएर आन्तरिक रक्तस्राव भई आमा र बच्चा दुवैको ज्यान जाने जोखिम अत्यधिक रहन्छ।

बाढीपछि लामो समय जमेको दूषित पानीका कारण फैलिने हैजा र झाडापखाला जस्ता पानीजन्य रोग तथा डेङ्गु वा मलेरिया जस्ता कीटजन्य महामारीको पहिलो सिकार गर्भवती र शिशु नै हुन्छन्। बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता वयस्कको जस्तो बलियो हुँदैन। बाढीको चिसो पानी र हिलोमा लामो समय फस्दा उनीहरूमा तत्कालै श्वासप्रश्वासको समस्या र तीव्र निमोनियाको प्रकोप देखिन्छ। यसमाथि रसुवा जस्तो हिमाली र दुर्गम जिल्लामा महिला स्वास्थ्यकर्मीको सङ्ख्या देशभरिमै सबैभन्दा न्यून छ। यसले गर्दा स्थानीय महिला पुरुष डाक्टर वा उद्धारकर्मीसँग आफ्ना प्रजनन र महिनावारीजन्य स्वास्थ्य समस्या खुलेर राख्न सङ्कोच मान्छन् र रोग लुकाउन बाध्य हुन्छन्।

### मानसिक आघात

विपत्को मानसिक र सामाजिक स्वास्थ्यको पाटो झन् भयावह छ। आफ्नो थातथलो बग्नु, बर्सौंको दुःखको कमाइ बालुवामा मिल्नु र आफ्नै आँखाअगाडि प्रियजन बाढीले बगाएको देख्नुको मानसिक आघात निकै गहिरो र दीर्घकालीन हुन्छ। मनोचिकित्सकका अनुसार विपत्पछि महिलामा डिप्रेसन र कडा एन्जाइटीको जोखिम पुरुषको तुलनामा दुई गुणाभन्दा बढी हुन्छ। सुत्केरी अवस्थामा हुने हर्मोनल परिवर्तनले गर्दा ५० देखि ८० प्रतिशत आमामा सुत्केरी अवस्थाको उदासीपन देखिन्छ। यस्तो त्रासदीपूर्ण बेलामा यो अवस्था गम्भीर मनोविकारमा परिणत हुन सक्छ।

बालबालिकामा डर, त्रास र दुःस्वप्नका कारण गम्भीर मानसिक समस्या देखिन्छ। रसुवाको शिवालय आधारभूत विद्यालयको दृश्यले यसलाई पुष्टि गर्छ। बाढीले घर, विद्यालय र अभिभावक बगाएपछि त्यहाँ आश्रय लिएका सयौं बालबालिकामध्ये कक्षा ३ मा पढ्ने एक नौ वर्षीय बालिकाको अवस्था अत्यन्त विक्षिप्त छ। बाढी आउने दिन विद्यालयको पोसाक लगाएर घरबाट निस्किएकी बालिकाका आमा, भाइ र दिदी बाटोमा उभिएर बाढी हेर्दै गर्दा क्षणभरमै नदीमा विलीन भए। वरपरका मानिसले उनीहरूलाई बगाएको सुनाउँदा उनी टोलाएर बस्छिन्। उनको बालमस्तिष्कले यो कठोर यथार्थलाई स्वीकार गर्न सकिरहेको छैन।

त्यस्तै पीडामा अर्की एक १० वर्षीय बालिका छिन्, जसलाई सोही स्कुलकी शिक्षिकाले तानेर माथितिर नलगेको भए उनी पनि बग्ने थिइन्। पैरेबेँसीस्थित उनको घरसँगै हजुरबुवा, हजुरआमा, आमा, फुपू र १५ महिनाको सानो भाइलाई बाढीले बगायो। अहिले उनी आफ्नी आमा र सानो भाइ खोज्दै रुँदा सुन्ने जोकोहीको मन दुख्छ। शिवालय विद्यालयका प्रधानाध्यापकका अनुसार होल्डिङ सेन्टरमा रहेका बालबालिकामध्ये हालसम्म ६० जनाले आफ्ना आमाबुवा गुमाएर पूर्ण रूपमा टुहुरा बनेको विवरण दर्ता गराइसकेका छन्। यो सङ्ख्या सय नाघ्ने निश्चित जस्तै छ। होल्डिङ सेन्टरमा वास्तविक पीडित महिलासम्म सेनेटरी प्याड वा सरसफाइका सामग्री पुग्न नसकेको तथ्य अवलोकनकर्ताले बाहिर ल्याएका छन्। महिला, बालबालिका तथा सामाजिक सुरक्षामन्त्री सीता वादीले अनाथ बालबालिका र हिंसाको जोखिममा रहेका महिलाको संरक्षणका लागि नेपाल रेडक्रस सोसाइटीलगायतका संस्थासँग मिलेर तत्काल मनोसामाजिक परामर्श सेवा विस्तार गर्ने प्रतिबद्धता जनाउनुभएको छ। यसलाई व्यवहारमा उतार्न ढिलाइ गर्नु हुँदैन।

### संवेदनशील हेरचाह

अब राज्यको सम्पूर्ण संयन्त्र विश्व स्वास्थ्य सङ्गठनका मापदण्डको पूर्ण परिपालना र संवेदनशील हेरचाहतर्फ केन्द्रित हुनु पर्छ। राहत प्याकेजमा चामल र चाउचाउ मात्र पर्याप्त छैन। महिलाका लागि भित्री वस्त्र, सेनेटरी प्याड, साबुन र सेनिटाइजरसहितको मर्यादा किट अनिवार्य रूपमा उपलब्ध गराउनु पर्छ। सुत्केरी तथा नवजात शिशुका लागि पौष्टिक जाउलो, ल्याक्टोजिन र न्यानो लुगा राहत सामग्रीमा समावेश गरिनु पर्छ। सबै होल्डिङ सेन्टर र अस्थायी शिविरमा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय, सुरक्षित स्नानगृह, पर्याप्त उज्यालो बत्ती र सुत्केरी आमाका लागि गोप्य स्तनपान कक्षको निर्माण तत्काल सुरु गर्नु पर्छ।

रसुवा र नुवाकोटका यातायात विच्छेद भएका दुर्गम बस्तीमा गर्भवती महिलाको ज्यान जोगाउन महिला स्वास्थ्यकर्मी र पोर्टेबल अल्ट्रासाउन्ड मेसिनसहितको मोबाइल मातृत्व क्लिनिक हवाई माध्यमबाट परिचालन गर्नु पर्छ। परिवार र अभिभावक गुमाएका टुहुरा बालबालिकाको संरक्षणका लागि राष्ट्रिय बालअधिकार परिषद्, युनिसेफ र स्थानीय बालकल्याण सञ्जालको समन्वयमा शिविरमा बालमैत्री केन्द्र स्थापना गर्नु पर्छ। त्यहाँ खेलकुद, मनोरञ्जन र निरन्तर मनोसामाजिक परामर्शको व्यवस्था गरिनु पर्छ। **साभार: गोरखापत्र**



आधिकारित विक्रेताः शुभलक्ष्मि बहुउद्देश्यिय सहकारी सस्था लिमिटेड, बिरगंज पर्सा ९८४४२५०३८८

किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ। रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रू १००/- को शेयर रकम बापत लाग्नेछ। किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ। ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ।

# भोटेकोशी बाढी हिमपहिरोका कारण आएको तथ्यसहित सरकारी प्रतिवेदन सार्वजनिक



काठमाण्डौ २८ भदौ/सरकारले भदौ १० गते भोटेकोशी र त्रिशूली नदीमा आएको बाढी वर्षाका कारण नभई माथिल्लो हिमक्षेत्रमा हिउँ र चट्टान खसेर आएको तथ्य सार्वजनिक गरेको छ ।

जल तथा ऊर्जा आयोगअन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले सार्वजनिक गरेको प्रतिवेदनअनुसार माथिल्लो ल्हेन्दे खोला क्षेत्रमा गएको 'आइस(रक एभलान्स' अर्थात् हिमपहिरोका कारण बाढी आएको हो । भयानक हिमपहिरो खस्दा ५.२ म्याग्निच्युड बराबरको भूकम्पीय ऊर्जासमेत रेकर्ड गरिएको थियो ।

प्रतिवेदनका अनुसार यो बाढी रसुवागढीसम्म प्रतिघण्टा ८८ किलोमिटरको अकल्पनीय र तीव्र गतिमा उर्लिएर आएको थियो । तीव्र वेगको बाढीले पूर्वसूचनाका लागि समय नै नदिई नदी किनारमा रहेका रसुवागढी, स्याफ्रुबेँसी, बेत्रावती र मलेखुका महत्त्वपूर्ण जलमापन केन्द्रहरूलाई बगाएर पूर्णरूपमा नष्ट गरिदिएको छ

यद्यपि छोटो समयमै भए पनि रसुवा, नुवाकोट, धादिङ, गोरखा, नवलपरासी र चितवनका प्रभावित क्षेत्रमा ६ लाख ७८ हजारभन्दा धेरै एसएमएस पठाएर स्थानीयलाई सतर्क गराउन सफल भएको प्रतिवेदनमा भनिएको छ ।

बाढीपछि माथिल्लो ल्हेन्दे खोला क्षेत्रमा दुई वटा नयाँ अस्थायी ताल बनेका छन् । यी ताल फुट्न सक्ने जोखिम रहेकाले तल्लो तटीय क्षेत्रमा अझै खतरा कायमै रहेको प्रतिवेदनले औँल्याएको छ ।

यसैबीच सम्भावित जोखिमलाई मध्यनजर गर्दै भविष्यमा तत्काल पूर्वसूचना दिन रसुवाको टिमुरेमा नेपालमै पहिलो पटक सीसीटीभीमार्फत 'रियल(टाइम' नदी अनुगमन प्रणाली जडान गरिएको छ ।

# भोलि पशुपतिका चारवटै ढोका बिहान ३ बजेबाटै खुल्ने

काठमाडौं २८ भदौ/हरितालिका तीजमा पशुपतिनाथ मन्दिरनाथ मन्दिरका चारै ढोका बिहान ३ बजेदेखि खुल्ने भएका छन् । यस वर्ष भदौ २९ गते (भोलि) परेको तीजमा विशेष पूजा र दर्शनको व्यवस्था पनि मिलाइएको पशुपति क्षेत्र विकास कोषले जानकारी गराएको छ ।

मन्दिरमा आउनेहरूका लागि मन्दिरबाहिर पाँच वटा लाइन र मन्दिर परिसरमा प्रवेश गरेपछि ८ वटा लाइन हुनेगरी व्यवस्था मिलाइएको छ ।

दर्शनार्थीमा महिलाहरूको संख्या उल्लेख्य हुने हुँदा महिला सुरक्षाकर्मी अधिक परिचालन गर्न कोषले सरकारसँग अनुरोध गरेको छ ।

ट्राफिक व्यवस्थापनका लागि विशिष्ठ व्यक्तिको सवारी साधन कोषको कार्यालय परिसरमा पार्किङ गर्ने व्यवस्था मिलाइएको छ ।

अन्य सवारी साधनको पार्किङ स्थान भण्डारखाल पार्किङ, सिफल चौर, वनकाली पार्किङ तिलगंगा र उमाकुण्ड पार्किङस्थल निर्धारण गरिएको छ ।

# कृष्णभीर सडकमा एकतर्फी गाडी सञ्चालन

काठमाण्डौ २८ भदौ/पृथ्वी राजमार्गअन्तर्गत धादिङमा रहेको कृष्णभीरमा अवरुद्ध सडक सञ्चालनमा आएको छ ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीले सडकको तल्लो क्षेत्र कटान गरेपछि भदौ १४ गते सडक भासिएको थियो । भासिएको सडकभन्दा केही माथि भित्तो कटान गरेर नयाँ ट्र्याक खोलेर आजदेखि सडक पुनः सञ्चालनमा ल्याइएको हो ।



आज दिउँसो ग्यास बुलेटहरू कृष्णभीर सडक पार गराइएको छ । ग्यास बुलेट नयाँ ट्र्याक भएर अघि बढाउँदा धादिङकी प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय गौतमसहित नेपाली सेना पनि पुगेको थियो ।

तत्कालका लागि ग्यास बुलेट, ट्रकहरू मात्र सञ्चालन गरिनेछ । सडकको अवस्था परीक्षण गर्न ट्रायलका रूपमा एकतर्फी गाडी सञ्चालनमा ल्याइएको हो । सडकको अवस्था हेरेर यातायातलाई थप सहज बनाइने जनाइएको छ । सडकको ग्राभेलिङ र कम्प्याक्सनको काम भने अझै बाँकी छ ।

# रुकुम पश्चिममा जीप दुर्घटना हुँदा दुई जनाको ज्यान गयो

काठमाण्डौ २८ भदौ/रुकुम पश्चिममा आज बिहान भएको जीप दुर्घटनामा दुई जनाको ज्यान गएको छ

सानीभेरी गाउँपालिका( ६ को कोटगाउँबाट पालिकाको केन्द्र सिम्ली हुँदै जिल्ला सदरमुकाम खलंगाका लागि छुटेको लु १ च ६०२९ नम्बरको जीप वडा(३ र ६ को सिमाना डाङडुङ्गेमा दुर्घटना भएको हो ।

दुर्घटनामा चालक त्रिवेणी गाउँपालिका(रुघाका सुन्दर खड्का मगर र सानीभेरी गाउँपालिका( ६ की प्रेमकला पुनको ज्यान गएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ । दुर्घटनामा जीपधनीसहित नौ जना घाइते भएका छन् ।

चार जनाको अवस्था गम्भीर रहेको थप उपचारका लागि सुर्खेत लैजान हेलिकप्टर माग गरिएको छ । सानीभेरी गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमलाई पत्राचारसहित हेलिकप्टर माग गरेको हो ।

## रौतहटको मौलापुरमा...

प्रभावित भएको स्थानीयको भनाइ छ।

पछिल्लो ६ महिनामा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत जम्मा ४० दिन मात्रै कार्यालयमा उपस्थित भएर काम गरेको स्थानीय स्रोतको दाबी छ। यस अवधिमा उपसचिव तहका तीन जना प्रमुख प्रशासकीय अधिकृत फेरिए पनि प्रशासनिक नेतृत्व स्थायी हुन नसकेको बताइएको छ ।

गत असारमा गरुडा नगरपालिकाबाट मौलापुरमा सरुवा गरिएका उपसचिव नीलमकुमार न्यौपाने भदौ ५ गतेदेखि कार्यालयमा उपस्थित नभएको स्रोतको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृतको अभावका कारण असार मसान्तमा नगरपालिकाको करिब ७५ प्रतिशत बजेट फ्रिज भएको समेत स्थानीयले दाबी गरेका छन् ।

लामो समयसम्म प्रशासनिक नेतृत्वविहीन हुँदा सेवा प्रवाह र आर्थिक कारोबार प्रभावित बनेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिकामाथि समेत प्रश्न उठेको छ । स्थानीयवासीले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत र लेखापालको तत्काल व्यवस्था गरी रोकिएका सेवा तथा भुक्तानी सुचारु गर्न माग गरेका छन् ।

# बाढी प्रभावित परिवारलाई मासिक १५ हजार आवास भाडा



काठमाण्डौ २८ भदौ/ भोटेकोशी बाढी प्रभावित परिवारका लागि सरकारले स्थायी आवास निर्माण नभएसम्म मासिक कम्तीमा १५ हजार रुपैयाँ आवास भाडा दिने निर्णय गरेको छ ।

गएको बिहीवार बसेको मन्त्रिपरिषद् बैठकले ४ जनासम्मका परिवारलाई मासिक १५ हजार र ४ जनाभन्दा धेरै सदस्य भएमा प्रतिव्यक्ति थप २ हजार रुपैयाँका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरेको सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले जानकारी दिनुभयो ।

मन्त्री तिमिल्सिनाले सामाजिक सञ्जालमार्फत यो जानकारी दिँदै बाढी प्रभावितको राहत, पुनर्स्थापना र पुनर्निर्माण सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ ।

मासिक नगद भाडा सुविधा लिन नचाहने परिवारका लागि सरकार आफैँले स्थायी घर नबनुन्जेल अस्थायी आवासको व्यवस्था गरिदिने विकल्प पनि खुला राखेको छ । यसका लागि तथ्याङ्क सङ्कलन गर्न पालिकामा फाराम पठाइसकिएको पनि मन्त्रि तिमिल्सिनाले जानकारी दिनुभएको छ ।

# सुनजस्तो धातु देखाएर एक करोड ३९ लाख ठगेको आरोपमा पक्राउ

काठमाडौं २८ भदौ/सुनजस्तो पहेँलो धातु देखाई एक करोड ३९ लाख ३० हजार रुपैयाँ ठगी गरेको आरोपमा एकजना पक्राउ परेका छन् ।

ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका( १ का अनिष थापालाई जिल्ला प्रहरी परिसर काठमाडौंबाट परिचालन भएको टोलीले पक्राउ गरेको हो ।

टोखा नगरपालिका( ९ मिलनटोलस्थित एक गेस्ट हाउसबाट थापालाई शनिबार पक्राउ गरिएको हो

पक्राउ परेका थापा जबरजस्ती करणी कसुरमा कैद सजाय पाएर नक्खु कारागारमा सजाय भोगिरहेका बेला अघिल्लो भदौ २४ मा भागेको कैदी रहेको प्रहरीले जनाएको छ ।



## तीजका तीन दिन...

वर्षाको सम्भावना छ।

अरु केही ठाउँमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । त्यस्तै, पर्सि ऋषिपञ्चमीको दिन कोशी प्रदेशको हिमाल तथा पहाड तथा बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाड तथा तराईका एक/दुई ठाउँमा ठूलो वर्षा हुन सक्ने महाशाखाको अनुमान छ।

तीजका तीन दिनको अवधिमा विशेषगरी कोशी प्रदेशमा अलि धेरै वर्षा हुन सक्ने अनुमान छ । गएराति सिन्धुपाल्चोक, कास्की, गोरखा, जुम्ला, उदयपुर र इलामलगायतका क्षेत्रमा पनि मध्यमदेखि ठूलो पानी परेको थियो ।

# देउवा नेतृत्वको समितिका सबैलाई केन्द्रीय सदस्य बनाउने कांग्रेसको निर्णय

काठमाडौं २८ भदौ/नेपाली कांग्रेसले पूर्व सभापति शेरबहादुर देउवाको समितिमा रहेकालाई केन्द्रीय समितिमा आउने बाटो खुलाएको छ।

आइतबार बसेको कार्यसम्पादन समितिको बैठकले अघिल्लो समितिमा रहेका तर विशेष महाधिवेशन पछिको नयाँ समितिमा नरहेका सबैलाई केन्द्रीय समितिमा राख्नेगरी निर्णय गरेको हो ।

'सबैलाई केन्द्रीय समितिमा बस्नेगरी आह्वान हुन्छ । केन्द्रीय समितिमा आएर महाधिवेशनको आयोजक समितिकै रुपमा रहनुहुन्छ,' बैठकपछि एक पदाधिकारीले भने, 'महाधिवेशनमा सहभागी हुन अपिल गर्दछौं । केन्द्रीय समितिमा बस्न चाहनेहरू आउनुहुन्छ । नचाहनेहरू आउनुहुन्न होला ।'

कांग्रेसले १६ देखि १९ असोजसम्म १५ औं महाधिवेशनको मिति तोकेको छ । असोज ३ र ४ गते वडा तहको अधिवेशनको मिति तोकिएको छ ।





# स्यालले टोकेर छ जना मानिस र २५ वटा चौपाया घाइते



सर्लाही, २८ भदौ/सर्लाहीको हरिवन नगरपालिका( ८ का विभिन्न बस्तीमा स्यालले टोकेर छ जना मानिस र २५ वटाजति पशुचौपाया घाइते भएका छन् ।

एउटै स्यालले टोकेर हरिवन( ८ को चापिनी, आपडाँडा, स्कुलटोल र जिम्दार चोकका छ जना मानिस घाइते भएका हरिवन नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । स्यालले टोकेर ३० वर्षीया अर्पना कोइराला, ३४ वर्षीया विमला तामाङ, २१ वर्षीय प्रशान्त उप्रेती, ६५ वर्षीय तिलबहादुर मगर, ७१ वर्षीय मनबहादुर थामी र ६६ वर्षीय देवराम मगर घाइते हुनुभएको छ ।

घाइतेहरूको नगर अस्पताल सासापुर, नमूना अस्पताल हरिवन र हरिवन बजारका निजी स्वास्थ्य संस्थाहरुमा उपचार चलिरहेको हरिवन नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक रामबाबु चौधरीले जानकारी दिनुभयो ।

केही घाइतेले हेटौंडा, वीरगञ्ज र काठमाडौँसमेत पुगेर आवश्यक भ्याक्सिन लगाउने र उपचार गराएका छन् ।

स्यालले एकैपटक धेरै सङ्ख्यामा मानिसलाई टोकेपछि हरिवन नगरपालिकाले छिमेकी लालबन्दी नगरपालिकासँग समन्वय गरी नगर अस्पताल सासापुरमा रेबिजविरुद्धको भ्याक्सिन मगाएको छ ।

हरिवन नगरपालिकाको पशु स्वास्थ्य शाखाका डा. महेश श्रेष्ठका अनुसार स्यालले २५ वटाजति भैंसी र बाख्रालाई टोकेको छ ।

आफूहरू आइतबार बिहान स्यालले आतङ्क मच्चाएको टोलहरूमा पुग्दा किसानले घाइते पशुचौपायालाई निजी भेटेरिनरीका पशु प्राविधिक बोलाएर रेबिजविरूद्धको भ्याक्सिन लगाइसकेको पाइएको पशु चिकित्सक डा. श्रेष्ठले बताउनुभयो ।

स्यालले टोकेका पशुचौपायका लागि रेबिजविरूद्धको थप खोप चाहिए पशु स्वास्थ्य शाखामा भ्याक्सिन उपलब्ध रहेको उहाँले बताउनुभयो ।

हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल)ले स्यालको आक्रमणबाट मानिस तथा चौपाया घाइते भएपछि स्वास्थ्यकर्मी र पशु प्राविधिक परिचालन गरिएको जानकारी दिनुभयो ।

# मधेस प्रदेशमा महिला उद्योगीको संख्या बढ्दै

जनकपुरधाम, २८ भदौ/मधेस प्रदेशमा पछिल्लो समय महिला उद्योगी तथा व्यवसायीको सङ्ख्या उल्लेख्य रूपमा बढ्न थालेको छ ।

सरकारले महिलाको नाममा उद्योग तथा व्यवसाय दर्ता गर्दा दस्तुरमा ३५ प्रतिशत छुट दिने व्यवस्था गरेपछि गृहिणीहरू उद्यमी बन्ने क्रम बढेको हो । अहिले घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुने नयाँ व्यवसायमध्ये झण्डै ७० प्रतिशत महिलाकै नाममा हुने गरेका छन् ।

धनुषाकी अम्बिका श्रेष्ठ र सुनिता साहजस्ता धेरै महिलाहरू अहिले आफैँ मालिक बनेर जेनरल स्टोर्स, फेन्सी, सिलाइकटाइ र कृषिजन्य उद्योगहरू सफलताका साथ चलाइरहेका छन् ।

गएको आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका आठ जिल्लामा ५ हजार ६८ नयाँ उद्योग र ६ हजार १४० भन्दा बढी वाणिज्य फर्म दर्ता भएका छन् ।

यस अवधिमा ४ हजार ८७८ जना महिलाले प्रत्यक्ष रोजगारी समेत पाएका छन्, जसमा सबैभन्दा बढी बारा र पर्साका महिलाहरू रहेका छन् । दर्ता शुल्कमा छुट, बैंकिङ ऋणमा सहजता र स्थानीय प्रशासनको सक्रियताका कारण महिलाहरू व्यापार(व्यवसायतर्फ आकर्षित भएका हुन् ।

# गुठीका पोखरी क्षेत्रमा अतिक्रमण हटाउन थप १५ दिनको समय



जनकपुरधाम, २८ भदौ/ जनकपुरधामस्थित गुठीका पोखरी तथा पोखरीका डिलमा भएका अतिक्रमित संरचना हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई थप १५ दिनको समय दिइएको छ ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ लगायतका प्रतिवेदनले औँल्याएका अतिक्रमित पोखरीमध्ये पहिलो चरणमा केही पोखरी खाली गरिएपछि बाँकी रहेका पोखरीलाई चरणबद्ध रूपमा अतिक्रमणमुक्त गर्ने अभियानअन्तर्गत थप समय दिइएको हो । यसअघि यही भदौ १९ गते सार्वजनिक सूचना जारी गरी सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनाधिकृत संरचना आफै हटाउन भनिएको थियो । सोहीअनुसार भदौ २७ गते अतिक्रमित संरचना हटाउने कार्य तय गरिएको थियो ।

तर अनुगमनका क्रममा सम्बन्धित व्यक्तिहरूले संरचना आफै हटाउन सुरु गरेको र थप समय माग गरेको जनाउँदै कार्यान्वयन समितिले १५ दिनको अतिरिक्त समय उपलब्ध गराएको हो । थप समय दिइएका पोखरीमा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गोन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जीरो माइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर ( बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्ड रहेका छन् ।

गुठी संस्थानका प्रवक्ता जनक पोखरेलका अनुसार पोखरी तथा पोखरीका डिलमा रहेका अतिक्रमित संरचना हटाउन रेखाङ्कन गरिएबमोजिमको संरचनाको अनुगमन गर्दा सम्बन्धित व्यक्तिहरूले संरचना आफैँ हटाउन थप समय माग गरेपछि सोही मागलाई मध्यनजर गर्दै समय थप गरिएको हो ।

प्रवक्ता पोखरेलले अनुगमनका क्रममा कतिपय संरचनाको आधा भाग नै हटाउनुपर्ने अवस्था देखिएकाले तत्काल हटाउँदा क्षति बढी हुने सम्भावना रहेको हुँदा सम्बन्धित व्यक्तिहरूको मागअनुसार उनीहरूलाई आफै संरचना हटाउन थप समय दिइएको उहाँको भनाइ छ ।

सूचनामा तोकिएको अवधिभित्र अतिक्रमित संरचना पूर्णरूपमा नहटाए कार्यान्वयन समितिले आफैँ संरचना हटाउने जनाएको छ । पोखरी तथा पोखरीका डिलमा रहेका अतिक्रमित संरचना हटाउनेसम्बन्धी सूचना कार्यान्वयन समितिका सदस्यसचिव तथा संस्थानका प्रवक्ता पोखरेलले भदौ २७ गते जारी सूचनामार्फत जानकारी दिनुभएको थियो ।

# विद्यार्थीका सुझावका आधारमा पाठ्यक्रम परिमार्जन : शिक्षामन्त्री पोखरेल



जनकपुरधाम, २८ भदौ/नेपाल सरकारका प्रवक्ता, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यार्थी, शिक्षक र अभिभावकका सुझावलाई समेटेर देशको शिक्षा प्रणाली र पाठ्यक्रममा आवश्यक सुधार गरिने बताउनुभएको छ ।

शिक्षा तथा खलकुद क्षेत्रको अवस्था बुझ्न आइतबार सप्तरीका विभिन्न विद्यालयमा पुग्नुभएका मन्त्री पोखरेलले विद्यार्थीबाट पाठ्यक्रम, अध्ययन(अध्यापन, आवश्यक सीप तथा विद्यालयमा देखिएका समस्याबारे प्रत्यक्ष सुझाव संकलन गर्नुभएको हो ।

सो क्रममा मन्त्री पोखरेलले काठमाडौँमा बन्द कोठामा बसेर मात्र पाठ्यक्रम निर्माण गर्ने अभ्यासलाई निरुत्साहित गर्दै विद्यार्थी, शिक्षक तथा सरोकारवालाबाट प्राप्त सुझावका आधारमा पाठ्यक्रम निर्माण तथा परिमार्जन गरिने बताउनुभयो ।

मन्त्री पोखरेलले शिक्षा क्षेत्रका समस्या बुझेर त्यसको समाधानका लागि शिक्षक, विद्यार्थी र अभिभावकसँग समन्वय आवश्यक रहेको बताउनुभयो । मधेश प्रदेश सरकारसँग समन्वय गरी शिक्षा तथा खेलकुद क्षेत्रको सुधारका लागि काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

शिक्षामन्त्री पोखरेलले सप्तरीको तिलाठीस्थित राष्ट्रिय प्राथमिक विद्यालयको अनुगमन गर्नुभएको थियो । सो क्रममा विद्यालयको शैक्षिक अवस्था, विद्यार्थी तथा शिक्षकका समस्या र आवश्यकताबारे जानकारी लिनुभएको थियो। उहाँले पाठ्यक्रम निर्माणका लागि विद्यार्थीबाट सुझावसमेत संकलन गर्नुभयो ।

यसैगरी बोदेबर्साइन नगरपालिका( ३ स्थित श्री इश्वरी हिया सुरैत जिलेवी जनता माध्यमिक विद्यालय, सारस्वरमा पनि विद्यार्थीबाट पाठ्यक्रम तथा शिक्षा सुधारसम्बन्धी सुझाव संकलन गरिएको थियो ।

शम्भुनाथ नगरपालिका( ६ सप्तरीस्थित श्री बुद्धिलाल विद्या मुनर नमूना माध्यमिक विद्यालय भगवतपुर बडहरीमा आयोजित शिक्षा सुधार तथा पाठ्यक्रम परिमार्जनसम्बन्धी सुझाव संकलन कार्यक्रममा पनि मन्त्री पोखरेल सहभागी हुनुभएको थियो ।

सो विद्यालयका प्रधानाध्यापक गजेन्द्रप्रसाद दासले शिक्षामन्त्री विद्यालयमै आएर विद्यार्थी तथा शिक्षकका समस्या सुन्नुभएकोमा खुसी व्यक्त गर्दै विद्यालयको भौतिक पूर्वाधार तथा प्रविधियुक्त शैक्षिक सामग्रीको सहयोग आवश्यक रहेको बताउनुभयो

मन्त्री पोखरेलले राजविराज नगरपालिका तथा खडक नगरपालिकाका केही विद्यालयमा विद्यार्थीहरूसँग प्रत्यक्ष संवाद गरी उनीहरूका सुझाव तथा गुनासोसमेत संकलन गर्नुभएको थियो ।

विद्यार्थीहरूले पाठ्यक्रममा व्यवहारिक तथा जीवनोपयोगी विषय समावेश गर्नुपर्ने, अध्ययनसँगै आवश्यक सीप विकासमा जोड दिनुपर्ने तथा विद्यालयको भौतिक र प्रविधिगत अवस्था सुधार गर्नुपर्ने लगायतका विषयमा सुझाव दिएका थिए ।

मन्त्री पोखरेलसँगै प्रतिनिधिसभा सदस्य सीताराम साह, डा. अकिता ठाकुरलगायतको सहभागिता रहेको थियो । शिक्षा मन्त्रालयले पाठ्यक्रम निर्माण तथा परिमार्जन प्रक्रियामा विद्यार्थी, शिक्षक र अभिभावकको सहभागिता बढाउने उद्देश्यले विद्यालयस्तरमै पुगेर सुझाव संकलनलाई प्राथमिकता दिएको जनाएको छ ।

# सिरहामा ९७ ग्राम ब्राउन सुगरसहित चार युवक पक्राउ

सिरहा, २८ भदौ/सिरहा प्रहरीले प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित चार युवकलाई पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरीले गोलबजार नगरपालिका( १२ बेतौनाबाट उनीहरूलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरो गोलबजारबाट खटिएको संयुक्त टोलीले ९७ ग्राम ५३ मिलिग्राम ब्राउन सुगरसहित चार जनालाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा गोलबजार नगरपालिका( १२ बेतौनाका करिब २५ वर्षीय मुनेश्वर मण्डल, २६ वर्षीय वीरेन्द्रकुमार साह, २० वर्षीय अरविन्दकुमार सिंह र गोलबजार नगरपालिका( ६ का ३३ वर्षीय रितेश यादव रहेका छन् ।

प्रहरीका अनुसार मण्डलले आफ्नै घरमा लागुऔषध बिक्री(वितरण गरिरहेको भन्ने विशेष सूचना प्राप्त भएपछि प्रहरी टोली उनको घर पुगेको थियो । खानतलासीका क्रममा मण्डलले लगाएको पाइन्टको दाहिने खल्तीमा प्लास्टिकको पोकामा राखिएको अवस्थामा ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ ।

बरामद ब्राउन सुगरलाई प्लास्टिकसहित तौल गर्दा १०२ ग्राम ८८ मिलिग्राम र प्लास्टिक हटाएपछि ९७ ग्राम ५३ मिलिग्राम रहेको प्रहरीको भनाइ छ ।

प्रहरीले उनीहरूको साथबाट २ हजार ५९५ रुपैयाँ नगद, पाँच थान मोबाइल फोन र एक थान डिजिटल तराजु समेत बरामद गरेको जनाएको छ ।

# सिरहामा सकेट बमजस्तो वस्तु फेला, नेपाली सेनाले गर्‍यो डिस्पोज

सिरहा २८ भदौ/सिरहाको बरियारपट्टी गाउँपालिका( ३ नवटोलीमा सकेट बमजस्तो देखिने वस्तु फेला परेपछि नेपाली सेना पुगेर डिस्पोज गरेको छ ।

आइतबार दिउँसो करिब साढे ४ बजे स्थानीय जयनारायण कामतको खेतको आलीमा उक्त वस्तु फेला परेको हो ।

उक्त वस्तु फेला परेपछि प्रहरीलाई खबर गरिएको थियो ।

सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बरियारपट्टीबाट प्रहरी टोली कामतको खेलमा पुगेको थियो ।

# तीजका तीन दिन देशका केही ठाउँमा पानी पर्ने शंभावना

काठमाण्डौ २८ भदौ/तीजका तीन दिन आज, भोलि र पर्सिसम्म नै देशका केही ठाउँमा पानी पर्ने सम्भावना छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार पहाड र तराईका एक/दुई ठाउँमा ठूलो पर्नेछ । आज कोशी, बागमती र गण्डकीका हिमाल तथा पहाड र कर्णाली तथा सुदूरपश्चिम प्रदेशका पहाडी एक/दुई ठाउँमा ठूलो पानी पर्न सक्ने अनुमान छ ।

अरु ठाउँमा पनि बदलीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । भोलि तीज पर्वको मुख्य दिन कोशी, बागमती र गण्डकी प्रदेशका हिमाल तथा पहाडसँगै लुम्बिनी र कर्णाली प्रदेशका पहाडी एक/दुई ठाउँमा ठूलो

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा .ली ., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने., सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा .ली. बिरगंज ,पर्सा ०५१-५९१८७३